# बाल्डविन-व्हाइटहल स्कूल डिस्ट्रिक्ट

## डिस्ट्रिक्ट प्रशासन

४९०० करी रोड • पिट्सबर्ग, पेन्सिल्भानिया १५२३६-१८११७

टेलिफोन : ४१२-८८४-६३०० • फ्याक्स : ४१२-८८५-७८०२ • www.bwschools.net

# CHILD FIND NOTICE - NEPALI

**विशेष शिक्षा सेवा र कार्यक्रमहरुको सूचना**

प्रत्येक स्कुल डिस्ट्रिक्टले कमनवेल्थमा भएका अन्य पब्लिक एजेन्सीहरुसँगै अशक्तताको कारणले विशेष शिक्षा आवश्यक पर्ने बालबालिका लगायतका सबै बालबालिकाहरुकको पहिचान गर्ने, स्थापन गर्ने र मुल्यांकन गर्ने प्रक्रियाहरु स्थापना र लागु गर्नैपर्छ। यो सूचना यस्ता बच्चा खोज्न मद्दत गर्न, अभिभावकहरुलाई सहायता प्रदान गर्न सहयोग गर्छ र सूचनाको गोप्यतासँग सम्बन्धित अभिभावकको हकहरु जुन यो प्रक्रियामा प्राप्त हुनेछ त्यसलाई व्याख्या गर्छ। यो सूचनाको सामाग्री अंग्रेजीमा लेखिएको छ तर अन्य भाषाहरुमा अनुवाद गर्न सकिन्छ। यदि कसैलाई यो सूचनाको कुनै पनि भाग बुझ्न कठिन भएमा प्युपिल सर्भिसेज डिपार्टमेन्टमा (४१२-८८५-७५८३) सम्पर्क गरी बिस्तृत व्याख्याको लागि निवेदन गर्न सकिन्छ।

**पहिचान क्रियाकलापहरु**

बाल्डविन-व्हाइटहल स्कुल डिस्ट्रीक्टले योग्य विद्यार्थीहरुलाई सित्तैमा, उपयुक्त सार्वजनिक शिक्षा प्रदान गर्छ। एउटा योग्य विद्यार्थी हुनको लागि बच्चा स्कुल उमेरको हुनुपर्ने, विशेष डिजाइन गरिएको निर्देशनको आवश्यकतामा र एक वा बढी निम्न शारीरिक अथवा मानसिक अशक्तताको लागि योग्यता मापदण्ड पुगेको हुनुपर्ने, पेन्सलीभेनिया राज्यको कानुनले तोकेबमोजिम: विशेष सिकाइ अशक्तता, संवेगात्मक विचलन, अटीज्म/वृहत धेरै प्रकारको अशक्तता, आखाँ नदेख्ने/दृष्टि दोष, सुन्न-देख्न नसक्ने, सुन्न नसक्ने, कम सुन्ने, बौद्धिक अशक्तता, बहुप्रकारको अशक्तता, हड्डीसम्बन्धी समस्या, स्नायुसम्बन्धी समस्या, अन्य स्वास्थ्य समस्या र बोली एवं भाषामा समस्या। शिशु र बामेसर्ने बच्चाहरुको उचित विकासको कोशेढुंगा/तहसम्बन्धी जानकारी रोग नियन्त्रण केन्द्रको वेवसाइट www.cdc.gov मा वा अशक्त बच्चाहरुको लागि राष्ट्रिय सूचना प्रवाह केन्द्रको (NICHCY) वेवसाइट www.parentcenterhub.org पाउन सकिन्छ।

अशक्तताको शंका भएका कुनै पनि बालबालिका जसलाई खास शैक्षिक कार्यक्रम र सेवाहरु उपलब्ध नगराएको अवस्थामा उक्त अशक्तताले उनीहरुको सिकाइमा असर पार्छ, त्यस्ता बच्चा खोज्न पहिचानका क्रियाकलाप गरिनेछ। यस्ता क्रियाकलापलाई कहिलेकाहीं जाँचपरीक्षण क्रियाकलाप भनिन्छ। यी क्रियाकलापहरुमा : समूह डाटाको समीक्षा/पुनरावलोकन, सुनाइ एवं दृष्टि क्षमताको परीक्षण, विद्यार्थीको शैक्षिक गतिविधिको लेखाजोखा, व्यवहारमा कठिनाइ देखिएका विद्यार्थीको निगरानी र उपचारको प्रयासमा विद्यार्थीको जवाफको निर्धारण लगायत पर्दछन्। बाबुआमा/अभिभावकबाट आउने रायसल्लाह र जवाफ पनि पहिचानको लागि जानकारी स्रोत हुनेछ। सम्भावित अशक्तता रहेको भनेर कुनै पनि बच्चा पहिचान भैसकेपछि उक्त बच्चाको मूल्यांकन गरिनेछ तर सोकार्य बाबुआमा/अभिभावकको अनुमति लिएर मात्र गरिनेछ।

**गोप्यता**

स्कूल डिस्ट्रिक्टले यहाँ भर्ना भएका अशक्त विद्यार्थीहरु लगायतका बच्चाहरुको रेकर्ड राख्नेछ। सबै रेकर्डहरु अति गोप्यताका साथ राखिनेछ। कुनै पनि व्यक्तिगतरुपमा पहिचान भएको जानकारी प्रकासित गर्नुभन्दा पहिले पारिवारिक शैक्षिक अधिकार तथा गोप्यता ऐन (FPRPA)ले अनुमति दिएको अवस्था बाहेकका अवस्थामा तपाईंको सहमति वा राज्य कानुन अनुसार उमेर पुगेका योग्य बच्चाको सहमति अनिवार्यरुपमा लिनुपर्नेछ। पेन्सिल्भानियामा उमेर पुगेका बच्चा भन्नाले २१ बर्ष उमेर पुगेको भन्ने बुझिन्छ। हरेक सहभागी निकायले संकलन, भण्डारण, खुलासा र नष्ट गर्दा व्यक्तिगतरुपमा पहिचान भएका सूचनाहरुको गोप्यताको अनिवार्य रक्षा गर्नुपर्छ। हरेक सहभागी निकायमा एउटा अधिकारिक व्यक्तिले कुनै पनि व्यक्तिगतरुपमा पहिचान गरिएका जानकारीको गोप्यता सुनिश्चित गर्ने जिम्मेवारी अनिवार्य रुपमा लिनुपर्नेछ।

विद्यार्थीको रेकर्डसम्बन्धमा थप जानकारीको लागि बाबुआमा/अभिभावकले पारिवारिक शैक्षिक अधिकार तथा गोप्यता ऐन हेर्न सक्नेछन्।

यो सूचना अशक्तता भएका बालबालिका, अशक्त ठानिएका बालबालिका र उनीहरुको बाबुआमाहरुको लागि बिशेष शिक्षा सेवा, मूल्यांकन तथा परीक्षण क्रियाकलाप र अधिकार एवं संरक्षणसम्बन्धमा संक्षिप्त जानकारी मात्र हो। थप जानकारीका लागि वा सार्वजनिक वा निजी स्कूलका बालबालिकाको मूल्यांकन वा परीक्षण अनुरोधसम्बन्धमा तलको ठेगानामा सम्पर्क गर्नुहोला :

**मारिसा गालाघेर, विद्यार्थी सेवा सुपरभाइजर**

**४१२-८८५-७५८३**

mgallagher@bwschools.net

यो सूचनामा उल्लेख गरिएको अधिकार उपलब्ध गराइएको छैन भने सोको गुनासो तलको ठेगानामा लिखितरुपमा पेश गर्न सकिनेछ :

**पेन्सिल्भानिया डिपार्टमेन्ट अफ एजुकेसन, ब्युरो अफ स्पेशल एजुकेशन**
**डिभिजन अफ कम्प्लायन्स**
**३३३ मार्केट स्ट्रीट**
**ह्यारिसबर्ग, पीए १७१२६-०३३३**

डिपार्टमेन्ट अफ एजुकेशनले यस समस्याको छानविन गरी ६० दिनभित्रमा नतिजा प्रतिवेदन जारी र आवश्यक सुधारात्मक कारवाही सिफारिस गर्दछ। डिपार्टमेन्टले नियमको पालना भएको सुनिश्चित गर्न आवश्यक कारवाही थाल्नेछ।

व्यक्तिगत पहिचान भएका जानकारीको गोप्यता राख्ने सम्बन्धमा स्कूल डिस्ट्रिक्ट असफल भएको गुनासोपत्र पनि तलको ठेगानामा दर्ता गर्न सकिनेछ :

**फेमिली पोलिसी कम्प्लायन्स अफिस**
**युएस डिपार्टमेन्ट अफ एजुकेशन**
**४०० मेरिलैंड एभेन्यु एसडब्ल्यु**
**वासिंगटन, डीसी २०२०२-४६०५**

### संरक्षित अशक्त विद्यार्थीका लागि सेवा – (५०४)

विशेष शैक्षिक कार्यक्रम एवं सेवाका लागि योग्य नभएका विद्यार्थीहरु संरक्षित अशक्त विद्यार्थीको रुपमा योग्य हुन सक्नेछन् र त्यसअनुसार भेदभाव रोक्नेसम्बन्धमा जारी गरिएका अन्य संघीय तथा राज्य कानुनबाट संरक्षित हुनेछन्। स्कूल डिस्ट्रिक्टले सुनिश्चित गर्नुपर्छ कि संरक्षित अशक्त विद्यार्थीहरुले स्कूल कार्यक्रम र अतिरिक्त क्रियाकलापमा व्यक्तिगत विद्यार्थीहरुको हकमा अधिकतम उपयुक्त हुने गरी सहभागिताको समान अवसर पाएका छन्। राज्य तथा संघीय कानुनको परिपालना गर्दै स्कूल डिस्ट्रिक्टले हरेक संरक्षित अशक्त विद्यार्थीलाई कुनै भेदभावबिना, वा उक्त विद्यार्थी वा उनीहरुको परिवारलाई कुनै आर्थिक लागत भार नपर्ने गरी सो विद्यार्थीको क्षमतासँग अधिकतम उचित हुनेगरी समान अवसर प्रदान गर्न आवश्यक पर्ने सम्बन्धित सहयोग, सामग्री, सेवा वा आवास प्रदान गर्नेछन्। संरक्षित अशक्त विद्यार्थीको लागि योग्य हुन उक्त बच्चा स्कूल कार्यक्रममा सहजै सहभागी हुन वा पहुँच पाउन धेरै अवरोध वा सीमित गर्ने वा निषेध गर्ने प्रकारको शारीरिक वा मानसिक अशक्ततासहित स्कूल उमेरको हुनुपर्नेछ।

### प्रारम्भिक हस्तक्षेप पहिचान

पेन्सिल्भानियामा ३ बर्षको उमेरदेखि स्कूल सुरु गर्ने स्कूल डिस्ट्रिक्टको उमेरबीचसम्मका कुनै पनि बच्चा विकासात्मक पथमा विलम्ब वा ढिलो रहेको अवस्थामा वा माथि उल्लेखित एक वा एकभन्दा बढी शारीरिक वा मानसिक अवस्था रहेको भए 'योग्य बच्चा'को रुपमा पहिचान गरिनेछ। यी बालबालिकाका बाबुआमा/अभिभावकहरुको माथि उल्लेख गरिएको नै अधिकार हुनेछ। योग्य बालबालिकाहरुलाई कार्यक्रम र सेवाहरु प्रदान गर्ने जिम्मेवारी प्रारम्भिक हस्तक्षेप सेवा प्रणाली ऐन १९९० को २१२ धाराअनुरुप पेन्सिल्भानियाको एजुकेशन डिपार्टमेन्टको रहन्छ। पूर्वस्कूल बालबालिकाको परीक्षण एलेघेमी इन्टरमिडिएट युनिट #३ मार्फत उपलब्ध छ।

थप जानकारीको लागि एलेघेमी इन्टरमिडिएट युनिट्स अर्ली इन्टरभेन्सन डार्ट कार्यक्रमलाई ४१२-३९४-५९०४ मा सम्पर्क गर्नुहोला।

**सुजन साम्स, पीएचडी, प्रोग्राम डाइरेक्टर**

फोन : ४१२-३९४-५८१६
Email: susan.sams@aiu3.net

## सिमित अंग्रेजी ज्ञान भएका र अंग्रेजी सिकारु विद्यार्थीहरुलाई शिक्षण

पहिले भाषा अंग्रेजी नभएको विद्यार्थीको शिक्षाको लागि पेन्सिल्भानियाका हरेक स्कूल डिस्ट्रिक्ट/चार्टर स्कूलको जिम्मेवारी रहन्छ। अंग्रेजी भाषा सिक्नेहरुले भर्ना गर्दा स्थानीय ठेगाना र खोपको प्रमाण पेश गर्नुपर्नेछ। स्कूल डिस्ट्रिक्ट/चार्टर स्कूलले नागरिक अधिकार कार्यालय ओसीआरले तोकेबमोजिम सबै विद्यार्थीको मातृभाषा सर्भेक्षण गर्नुपर्नेछ। उक्त सर्भेक्षणको नतिजा विद्यार्थीको स्थायी फाइलमा राखिनुपर्छ। प्राथमिक भाषा अंग्रेजी नभएर अन्य भएका विद्यार्थीका लागि डिस्ट्रिक्टले उक्त विद्यार्थीको अंग्रेजी भाषा दक्षता निर्धारण गर्नुपर्छ। त्यसपछि आवश्यकता र उपयुक्त भएसम्म सिमित अंग्रेजी ज्ञान भएका विद्यार्थीहरुका लागि स्थानीय/राज्य कोषबाट इएसएलको शिक्षण प्रदान गरिनेछ।

बाल्डविन व्हाइटहल स्कूल डिस्ट्रिक्टले निरन्तर परीक्षण सेवाहरु प्रदान गर्नेछ। यदि तपाईं थप जान्न चाहनुहुन्छ भने प्रश्नहरु गर्नुहोस् वा तपाईंको बच्चाको पहिचान गरिनुपर्छ भन्ने विश्वास गर्नुहुन्छ कृपया सम्पर्क गर्नुहोस् :

**मारिसा गालाघेर, विद्यार्थी सेवा सुपरभाइजर**
४१२-८८५-७५८३
mgallagher@bwschools.net

## तीक्ष्ण दिमाग भएका विद्यार्थीलाई सेवा

राज्य कानुनको परिपालना गर्दै बाल्डविन-व्हाइटहल स्कूल डिस्ट्रिक्टले तीक्ष्ण दिमाग भएका विद्यार्थीहरुको विशेष आवश्यता पूरा गर्न डिजाइन गरेका सेवाहरु प्रदान गर्दछ। बाल्डविन-व्हाइटहल स्कूल डिस्ट्रिक्टले राज्य कानुन र डिस्ट्रिक्ट प्रक्रियाविधिमा आधारित रहँदै घटना विशेष आधारमा तीक्ष्ण विद्यार्थीहरुको पहिचान गर्नेछ। त्यस्ता विद्यार्थीसँग धेरै माथिको स्तरमा सामान्य ज्ञान हुनसक्नेछ र तीक्ष्ण क्षमता देखाउने धेरै मापदण्ड पुरा गरेका हुनसक्छन्। सामान्य ज्ञानको मापनबाट मात्र तीक्ष्ण क्षमता निर्धारण गर्न सकिंदैन। थप मापदण्डहरुमा कक्षाकोठा प्रदर्शन र ग्रेड, स्तरीय परीक्षा अंक र शिक्षकले गर्ने स्तरीकरणहरु पर्दछन् तर यो नै सबै भने हैन। यदि तपाईंको बच्चालाई यस्तो सेवाहरु आवश्यक रहेको देखिएमा तपाईंलाई मूल्यांकन प्रकियाको लागि सुचित गरिनेछ। यदि तपाईंलाई आफ्नो स्कूल उमेरको बच्चा तीक्ष्ण शैक्षिक सेवाको लागि योग्य हुनसक्छ भन्ने लागेमा सो योग्यता निर्धारणको अनुरोधको लागि तपाईंले लिखित रुपमा आफ्नो बच्चाको स्कूलको प्रिन्सिपल वा विद्यार्थी सेवा (पुपिल सर्भिसेज) को सुपरभाइजर ब्रायन डीसँग जुनसुकै बेलापनि सम्पर्क गर्न सक्नुहुन्छ। बाबुआमाको अनुमतिमा मुल्यांकन गरिनेछ। ध्यानमा राख्नुहोला कि तीक्ष्ण व्यक्तिले पाउने सेवाहरुको हकमा पेन्सिल्भानियाको कानुनले तोकेका अधिकारहरु मात्र पर्दछन्।

**मारिसा गालाघेर, विद्यार्थी सेवा सुपरभाइजर**
४१२-८८५-७५८३
mgallagher@bwschools.net